नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
**विद्युत विकास विभाग**
(.......................................................)
अनुमतिपत्र महाशाखा

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६११०

फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७५ ०७६
चलानी नं. ६४५

मितिः २०७५ ०८ २३

विषयः- ढाड खोला जल विद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।

श्री चन्दीपुर हाइड्रोपावर प्रा. लि.
म्हाराजगंज, काठमाण्डौं ।
पो.ब.न. ४२६९
फोन नं. ०१-४३२१३४५, ९८४१३८३३७४

प्रस्तुत विषयमा तनहुँ जिल्लामा अवस्थित ढाड खोलामा पहिचान भएको ढाड खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्न पेश भएको दरखास्त माथि कारवाही हुँदा मिति २०७५ ०८ १९मा सात दिनको समय दिई विवरण माग भएकोमा विवरण पूर्ण रुपमा प्राप्त नभएकोले तपसिल बमोजिमका विवरण तथा सर्वेक्षण अनुमतिपत्र अनुसार d/s मा रहेको तल्लो सेती ज.वि.आ.लाई असर पर्ने गरी टरवाइनको centre line level प्रस्ताव गर्नु पर्नेमा २६० मी प्रस्ताव गरेकोमा सोको स्पष्टिकरण मिति २०७५ ०९ ०१ भित्र पेश गर्नु हुन र सो समयमा पेश भई नआएमा अनुमतिपत्रको दरखास्त रद्द हुने व्यहोरा मिति २०७५ ०८ १६को निर्णयानुसार जानकारी गराईन्छ ।

तपसिल

१ Guidelines for Study of Hydropower Projects मा उल्लेखित विवरण समावेश गरि तयार पारिएको प्रतिवेदन (Main Report, Drawings and Annex)।
२ कम्पनी रजिस्ट्रारको कार्यालयबाट जारी गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि ।
३ कम्पनीको अद्यावधिक शेयर लगत अभिलेखको प्रमाणित प्रतिलिपि र सोको soft copy (scanned वा image file मान्य नहुने)।
४ उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत)को प्रमाणित प्रतिलिपि ।
५ सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारीनामा,पत्राचार गर्ने स्पष्ट ठेगाना(पोष्ट बक्स नं. र ईमेलसहित) र अख्तियारी प्राप्त व्यक्तिको परिचयपत्र एवं सम्पर्क नंबर ।
६ बहाल रहेको विद्युत खरीद बिक्रीको सम्झौता पत्र वा कनेक्शन एग्रीमेन्ट वा विद्युत खरीद बिक्रीको आशयपत्र ।
७ परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत ।
८ स्वपुंजी लगानी गर्ने क्षमता पुष्टी हुने कागजातको हकमा आवश्यकतानुसारको विवरण (सम्झौता, खुद सम्पत्ति विवरण, सि.ए.सग सम्बन्धित विवरण इत्यादी) ।
९ यदि कुनै प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीकोलागि सहभागि भई सकेको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी लमतधयचतज पेश गर्नुपर्ने

(नोट : यसअघि लगानी गरिसकेको आयोजना संचालनमा आइसकेको खण्डमा भने सो आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु नपर्ने,यस्तो अवस्थामा सञ्चालनमा आएको आयोजनाबारे जानकारी गराउनु पर्ने)

१० शेयर पुंजीमा लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।
११ प्रस्तुत आयोजनाको पावरहाउस Elevation के कतिमा रहने हो सो कुरा खुल्ने विवरण ।

(आस्था भट्ट)
ईन्जिनियर

बोधार्थः श्रीमान् महानिर्देशक ज्यू, विद्युत विकास विभाग ।